आकाश भैरव
AAKASH BHAIRAB
In House Journal

नेपाल वायुसेवा

Vol. 37, No. 6 (Jestha- Ashadh 2076) June - July 2019

# निगमको अन्तर्राष्ट्रिय स्टेशनहरुको समीक्षा बैठक

नेपाल वायुसेवा निगमको अन्तर्राष्ट्रिय स्टेशनहरूको समीक्षा बैठक २०७६/०१/२० गते नेपाल वायुसेवा निगमको केन्द्रीय कार्यालयको सभा हलमा सम्पन्न भयो । समीक्षा बैठकको समुद्घाटन नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष मदन खरेलले गर्नु भएको थियो भने उक्त बैठकमा सहभागीहरूलाई वाणिज्य विभागकी उप–निर्देशक सविना शाक्यले स्वागत गर्नु भएको थियो ।

अन्तर्राष्ट्रिय समीक्षा बैठकमा नौ अन्तर्राष्ट्रिय स्टेशनहरू- हङकङ, मलेशिया, बैंकक, दोहा, दिल्ली, बैंगलोर, मुम्बई, दुबई र ओसाकाको सहभागिता रहेको थियो । बैठकमा तपशिलका बुँदाहरूमा छलफल तथा अन्तरक्रिया भएको थियो :




- चालु आ.व. २०७५।२०७६ को शुरू आठ महिना (साउन-फागुन) को यात्रु तथा आयको उपलब्धि समीक्षा ।
- चालु आ.व. २०७५।२०७६ को शुरू आठ महिना (श्रावण-फागुन) को खर्च विश्लेषण ।
- चालु आ.व २०७५।२०७६ को अन्तिम चौमासिक (चैत्र-आषाढ मसान्तसम्म) को अनुमानित यात्रु संख्या र आय तथा व्ययको प्रक्षेपण ।
- अगामी आर्थिक वर्ष २०७६।०७७ को अनुमानित यात्रु संख्या र आय तथा व्ययको प्रक्षेपण ।

उक्त समीक्षा वैठकमा ब्यबस्थापनले समस्याहरू बुझ्ने, स्टेशनहरूले बजेट र खर्चको व्यवस्थापन उचित ढंगले गर्ने, नयाँ गन्तव्यहरू ओसाका र ग्वान्झाउ स्टेशनको संचालन, वजार व्यवस्थापन, उडानको व्यवस्थापन र जिम्मेवार, अनुशासित भएर काम गर्ने बिषयमा छलफल भएको थियो ।

सबै स्टेशनका प्रतिनिधिहरूले उडानहरू थप्नु पर्ने, उडान नियमित बनाउनु पर्ने र अनलाइन टिकेटिङ प्रणालीलाई थप परस्कृित गर्नु पर्ने विषयमा जोड दिएका थिए। छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिदै

बाँकी ४ पेजमा



राष्ट्रपति विद्यादेवी भण्डारीलाई चीन भ्रमणमा जानुहुंदा निगमका कार्यकारी अध्यक्ष मदन खरेल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाई गर्नुहुंदै ।



प्रधानमन्त्री के.पी. ओली भारत भ्रमणमा जानुहुंदा निगमका कार्यकारी अध्यक्ष मदन खरेल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाई गर्नुहुंदै ।

# सम्पादकीय

नेपाल वायुसेवा निगमले जापानको ओसाकासम्मको नियमित उडान निकट भविष्यमा पुनः प्रारम्भ गर्ने भएको छ भने त्यसको लगत्तै नारितामा पनि उडान गर्ने योजना बनाएको छ । ओसाकासम्मको उडान निगमले यस अघि पनि संचालन गरेको थियो भने नारिता नयाँ गन्तव्यमा पर्नेछ । बजारको कारण नभै विमानको कमीका कारण ओसाकाको उडान स्थगित गर्नु परेको थियो । अहिले निगमसँग न्यारोवडी दुई र वाइडवडी २ समेत गरी अन्तर्राष्ट्रिय उडानका लागि ४ वटा विमान रहेका छन् । अहिलेकै विमानबाट अरू थप दुई वटा गन्तव्यमा सेवा नियमित गर्ने सन्दर्भमा नारिता सँगै चीनको ग्वान्झाउसम्म उडान गर्ने कार्यनीति तयार गरिएको छ ।

यतिखेर निगमका लागि बजारको खाँचो छैन, यात्रुहरूले निगमका नयाँ विमानबाट यात्रा गर्न पाउने भएकोले निगम उडान तर्फ आकर्षण बढ्दै गएको छ । परिणामस्वरूप अहिले ९० प्रतिशत भन्दा बढी सीट यात्रुहरूले ओगटेका छन् । बजार सधै एकनास रहँदैन तापनि अन्य विमान कम्पनीको अपेक्षा नेपाल वायुसेवा निगमले बढी यात्रु पाएको छ । त्यस अर्थमा गन्तव्य र विमानसंख्या थप्दै जाने नीतिअनुसार कार्यक्रम पनि निर्धारण गर्दै जानु पर्दछ ।

नेपाल सरकारले सन् २०२० लाई पर्यटन वर्षको रूपमा घोषणा गरी त्यसवर्ष २० लाख यात्रुलाई नेपाल भ्रमण गराउने उद्देश्य राखेको छ । उद्देश्य अनुसारको पूर्वाधार र साधन पर्याप्त मात्रामा आवश्यक पर्दछ ।त्यसमा पनि राष्ट्रिय ध्वजावाहकको योगदान बढी चाहिन्छ । पर्यटनबजार विस्तारै बढदै गएको छ, त्यसै कारण कतिपय विदेशी कम्पनीहरूले नेपालमा नियमित उडान थप्दै गएका छन् । त्यसक्रममा निगमले पनि आक्रामक रूपमा बजार लिदै जानु पर्दछ । आम जनताका साथै विदेशी पर्यटकहरूलाई आकर्षित गर्न पूर्वाधार निर्माणमा समेत विशेष ध्यान दिनुपर्दछ । निगमले स्तरीय र सुरक्षित उडान गर्दै आएको छ, त्यसैले पर्यटकहरू भरिने क्रम देखापरेको छ । निकट भविष्यमा राम्रो पर्यटकीय बजार मानिएको जापानमा सेवा पुऱ्याउन थालेपछि त्यसले राम्रो प्रतिफल दिने कुरामा निर्धक्क हुन सकिन्छ । विकासको गति रोकिनु हुन्न भन्ने बस्तुतथ्यलाई ध्यानमा राखी निगमको विमान संख्या, गन्तव्य, बजार र प्रशासनिक क्षमता वृद्धि गरी लक्ष्य प्राप्तिमा निरन्तर लागिरहनु पर्दछ । यस तर्फ निगमको उच्च व्यवस्थापन निरन्तर सचेत र सक्रिय रहँदै आएको छ । कतिपय अवस्थामा अभिभावकीय दायित्व नेपाल सरकारले निर्वाह गर्नु आवश्यक हुन्छ । वर्तमान सन्दर्भमा नेपाल सरकारले खेलेको भूमिका उल्लेखनीय रहेको र भविष्यमा पनि यसले निरन्तरता पाउने विश्वासका साथ नयाँ गन्तव्यहरूले राम्रो प्रतिफल दिने अपेक्षा गरिन्छ ।

# एयरबस कम्पनीका पदाधिकारीसँग बैठक

एयरबस कम्पनीका नवनियुक्त एशिया क्षेत्रीय सेफ्टी डाइरेक्टर Capt. Dhruv Rebbapragada सहितको ६ सदस्यीय प्रतिनिधिमण्डलले नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष मदन खरेल सहित उच्च पदाधिकारीहरूसँग २०१९ अप्रिल ८ देखि १२ गतेसम्म उडान सुरक्षा, उडान व्यवस्थापन र तालिम आदि विषयमा छलफल गरेको थियो ।

भ्रमणको उद्देश्यमा सम्पूर्ण अपरेशन सुरक्षालाई सुदृढ बनाउनु, उडान सुरक्षालाई आवश्यक परिमार्जन र परिवर्तनबारे आधार पत्ता लगाउनु, निगमको जनशक्तिको क्षमता विश्लेषण गरी प्रत्यक्षरूपमा परिवर्तन देखिने गरी स्रोत र समयको योजनाबद्ध खाका तयार गर्नु रहेको थियो ।



प्रतिनिधि मण्डलका अन्य सदस्यहरूमा एयरबसका operation safety enhancement Director -Alberto Grande, Highly Flight

बाँकी ५ पेजमा

**सम्पादक मण्डल**

प्रधान सम्पादक : कृष्णगोपाल जोशी
कार्यकारी सम्पादक : प्रतिभा शर्मा
सम्पादक : डोलराज पाण्डेय
सह-सम्पादक : कल्पना काफ्ले
सल्लाहकार सम्पादक : पुरू रिसाल
फोटो सल्लाहकार : हरि गोपाल प्रधान
प्रकाशक : वाह्य, जनसम्पर्क तथा प्रचार प्रसार महाशाखा संस्थागत विभाग, नेपाल वायुसेवा निगम
www.nepalairlines.com.np
विभागीय प्रतिनिधिहरू : जीवन कुमार भट्टराई, मानव संशाधन
राजकुमार खड्का, अर्थ
सुधन कुमार श्रेष्ठ, यात्रुसेवा
नहकुल प्र. श्रेष्ठ, सा. से. तथा सं. व्यवस्थापन
चन्द्र बहादुर बलम्पाकी, वाणिज्य
विदीत देवकोटा, ग्राउण्ड सपोर्ट
पूर्णकुमार पुलामी, कन्टिन्यूइङ एयर वर्दिनेश मेनेजमेन्ट
ऋषि राम अर्याल, आन्तरिक लेखा परीक्षण
सञ्जय कुमार देव, क्वालिटी एसुरेन्स एण्ड फ्लाइट सेफ्टी
गोपाल प्र. तिवारी, इन्जिनियरिङ्ग मेन्टिनेन्स विभाग
कमल अर्याल, अपरेशन्स्

# महाप्रबन्धकको विदाई



नेपाल वायुसेवा निगमका महाप्रबन्धक सुगत रत्न कंसाकारको चार वर्षेसेवा अवधि पूरा भई अवकाश लिन लाग्नुभएकोमा २०७६ जेठ १३ गते विदाई कार्यक्रमको आयोजना गरियो । उक्त अवसरमा निगमका कार्यकारी अध्यक्ष मदन खरेलले खादा, पुष्प गुच्छा र मायाको चिनो प्रदान गर्नुभएको थियो । विदाईका अवसरमा नायव महाप्रबन्धक गणेशबहादुर चन्द,विज्ञ राजु के.सी.,निर्देशकहरू,उपनिर्देशकहरू लगायत पदाधिकारीहरूले खादा अवीर र फूलको गुच्छा दिनुभएको थियो ।

विदाई मन्तव्यका क्रममा कार्यकारी अध्यक्ष मदन खरेलले विदाई रमाइलो हुँदैन तर नियमित प्रक्रिया भएकोले चार वर्षे कार्यकाल पूरा गरी जान लाग्नुभएका महाप्रबन्धकको विदाई गर्नुपर्दा दुखको अनुभूति भएको छ भन्नुभयो । उहाँले महत्वपूर्ण दुई संस्था नेपाल टेलिकम्युनिकेशन र नेपाल वायुसेवा निगमको कार्यकारी प्रमुखको रूपमा १० वर्ष व्यवस्थापकीय कुशलता प्रदर्शन गर्नु भएकोमा प्रसन्नताको अनुभव भएको छ भन्नुभयो ।

अध्यक्ष खरेलले विगत ९ महिना निगमलाई कसरी अग्रगति दिने भन्ने विषयमा उहाँसँग आपसी सरसल्लाहको आधारमा काम गर्दा उहाँबाट सिक्नुपर्ने धेरै कुरा पाएको बताउँदै जीवन जिउने कलामा सफलता मिलोस् भन्ने कामना गर्नुभयो ।

नायव महाप्रबन्धक गणेशबहादुर चन्दले कार्यकारी प्रमुखको विदाईको थालनी राम्रो परम्परा हो र यसलाई निरन्तरता दिनुपर्दछ भन्नुभयो । सुगत रत्न कंसाकारले निगमका लागि धेरै काम गर्नुभएको छ र निगम परिवारले उहाँलाई धेरै स्मरण गरिरहने छ साथै उहाँको भविष्यको जीवन सक्रिय रहिरहोस् भन्दै सुस्वास्थ्यको कामना गर्नुभयो ।

अवकाश पाउन लागेका निगमका महाप्रबन्धक सुगत रत्न कंसाकारले निगममा आफूले ४ वर्षसम्म पाएको सहयोग विशेष उल्लेखनीय रहेको बताउँदै मुलुक बनाउन पर्यटन मुख्य आधार रहेको बताउनु भयो । निगमको अवस्था सबैपक्षबाट राम्रो छ यसलाई तथ्यांकले प्रमाणित गर्दछ र सिट उपयोग, आइसागोको प्रमाणपत्र विदेशी मुद्रा आर्जनजस्ता कुरामा गौरव गर्न सकिने बताउनु भयो ।

उहाँले नेपाल वायुसेवा निगमको विकास नगरी पर्यटन विकास असम्भव छ र पर्यटन विकास विना देश विकासको अपेक्षित लक्ष्य प्राप्त नहुने भएकाले लक्ष्य र कार्ययोजना बनाई सक्रियतापूर्वक अघि बढ्नु आवश्यक रहेको बताउनु भयो ।

# आन्तरिक समीक्षा बैठक २०७५/७६ सम्पन्न

नेपाल वायुसेवा निगमको आन्तरिक स्टेशनहरूको समीक्षा बैठक मिति २०७५/१२/२५ गते नेपाल वायुसेवा निगमको केन्द्रीय कार्यलयको सभा हलमा सम्पन्न भयो । समीक्षा बैठकको समुद्घाटन नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष मदन खरेलले गर्नु भएको थियो भने उक्त बैठकमा सहभागीहरूलाई वाणिज्य विभागकी उप–निर्देशक रीना राईले स्वागत गर्नु भएको थियो ।

आन्तरिक स्टेशनहरूको समीक्षा वैठकमा पूर्वान्चल क्षेत्रीय कार्यलय अर्न्तगतका स्टेशनहरूको तर्फबाट क्षेत्रीय प्रबन्धक नारायण पुरी, पश्चिमाञ्चल क्षेत्रीय कार्यालय अर्न्तगतका स्टेशनहरूको तर्फबाट क्षेत्रिय प्रबन्धक प्रशान्त विक लगायत अन्य स्टेशनहरू- धनगढी स्टेशनबाट जनक सिंह विष्ट, पोखरा स्टेशनबाट बन्धुराज न्यौपाने, भद्रपुर स्टेशनबाट नेमकान्त लम्साल र भैरहवा स्टेशनबाट दुर्गा भवानी आचार्य समेतको सहभागिता रहेको थियो र बैठकमा निम्न बुँदाहरूमा छलफल तथा अन्तरकिया भएको थियो :

- चालु आ.व. २०७५|२०७६ को शुरू आठ महिना (श्रावण-फागुन) को यात्रु तथा आयको उपलब्धि समीक्षा ।
- चालु आ.व. २०७५|२०७६ को शुरू आठ महिना (श्रावण-फागुन) को खर्च विश्लेषण ।




- चालु आ.व २०७५|२०७६ को अन्तिम चौमासिक (चैत्र-आषाढ मसान्तसम्म) को अनुमानित यात्रु संख्या र आय तथा व्ययको प्रक्षेपण ।
- अगामी आर्थिक वर्ष २०७६|०७७ को अनुमानित यात्रु संख्या र आय तथा व्ययको प्रक्षेपण ।

उक्त समीक्षा वैठकमा ब्यवस्थापनले स्टेशनका समस्याहरू बुझ्ने, स्टेशनहरूले बजेट र खर्चको व्यवस्थापन उचित ढंगले गर्ने, बिक्री रकम नियमानुसार दाखिल गर्ने, उडानको व्यवस्थापनमा योगदान दिने र जिम्मेवार र अनुशासित भएर काम गर्ने विषयमा छलफल भएको थियो । प्रायः सबै स्टेशनका प्रतिनिधिहरूले उडानहरू थप्नु पर्ने र नियमित बनाउनु पर्ने, संघीय संरचना अनुसार विभिन्न प्रादेशिक राजधानी र

बाँकी ६ पेजमा

Thought for To-Day

*"Keep your fears to yourself, but share your courage with others. "*

*Robert Louis Steven Son*

# एस.आर.डि.टि. र ई.एम.डि.तालिम

निगमका मानव संसाधन विभागले वाणिज्य विभाग र अर्थ विभागका गरी २४ जना सम्मिलित एस.आर.डि.टि. र ई.एम.डि.तालिम दुई चरणमा सम्पन्न गर्यो । ३ फेब्रुअरी देखि ७ सम्म चलेको पहिलो चरणमा १० जना र १७ फेब्रुअरी देखि २१ फेब्रुअरी सम्म चलेको दोस्रो चरणमा १४ जना सहभागी थिए । उक्त तालिममा प्रशिक्षकहरू सुधन कुमार श्रेष्ठ, राजेश गुरुवाचार्य, मिमाम्सा कार्की, रवि महर्जन, अन्जु शाह र एलिना बज्राचार्यले प्रशिक्षण दिनु भएको थियो ।

एस.आर.डि.टि. तालिम सिता रिर्जभेसन डेक्सटप वेवमा आधारित रिर्जभेसन र ग्राहकमुखी प्रणाली हो जसले टिकट वुकिङलाई छिटो बनाई समय र पैसाको बचत गरी सेवाग्राहीको अनुभवमा समेत उल्लेख्य सुधार ल्याउने छ ।

यसको प्रयोगबाट रिर्जभेसन प्रणालीमा सजिलै र छिटै वुकिङ खोली टिकट वुकिङ गर्न सक्छन, हवाइ सेवा संचालकहरूले यसको प्रयोग गरी नयाँ कर्मचारीलाई छोटो समयमा नै तालिम दिन सक्छन,यसले वुकिङ खोल्दा हुने त्रुटीलाई घटाउँछ यसले वुकिङमा उपलब्ध समपुर्ण विवरणहरू जस्तै यात्रुको नाम, सम्पर्क नम्वर, सिटको नम्वर, अतिरिक्त सुविधाको माग र क्याटरिङको जानकारी एउटै विन्डोबाट दिन्छ जसले गर्दा यात्रुहरूले प्रत्येक विवरणको कोड सम्झिनु पर्ने समस्याको निकास दिन्छ,यसको अर्को विशेषता भनेको त्रुटीवस भएका जानकारीहरूलाई सजिलै हटाउन वा नयाँ विवरण थप गर्न सकिन्छ, कम्प्युटर सम्वन्धी सामान्य जानकारी भएको मानिसले सजिलै यसको प्रयोग गर्न सक्छन ।

एस.आर.डि.टि. र ई.एम.डि.तालिमको मुख्य उद्धेश्य नेपाल वायुसेवा निगमका कर्मचारीलाई सक्षम बनाई एस.आर.डि.टि. र ई.एम.डिका विशेषताहरूबारे सजक र सरल बनाउनु हो । एस.आर.डि.टि.का ५ विभिन्न कार्य क्षेत्रहरू छन र नयाँ अतिरिक्त कार्य इमुलेटर हो, यसमा जाभा एपलेट प्रयोग गरिएको हुन्छ । यो इमुलेटर सिटा रिर्जभेसन सिस्टमको परिमार्जित रूप हो जसले काम कागज विहिन प्रशासन तथा वेवमा आधारित प्रशासन तथा सेवाको विकास गर्दछ ।

बाँकी ६ पेजमा

## अन्तर्राष्ट्रिय समीक्षा ......

व्यवस्थापनका तर्फबाट हालका दिन जहाजहरू थप भई उडानहरू रद्ध हुने समस्या कम भइरहेको र उडानहरू नियमित हुने र प्रभावित भएमा सुधारको निमित्त सम्बन्धित विभागमा लिखित रूपमा रिर्पोटिङ गर्न आग्रह गरियो र अनलाइन टिकेटिङ प्रणालीलाई थप व्यवस्थित बनाउने प्रयास भइरहेको बताएको थियो । व्यवस्थापनले बिशेष गरी अन्तर्राष्ट्रिय उडानहरू ढिलो हुने र रद्द हुने समस्यालाई न्युनीकरण गरी निगमको साखः उच्च राख्ने बिषयमा सबै पक्ष तत्पर रहने प्रतिबद्धता ब्यक्त गरिएको थियो ।

उक्त बैठकमा वाणिज्य विभागका निर्देशक टंकनिधि दाहालले विभिन्न स्टेशनका कर्मचारीहरूको योगदानको प्रशंसा गर्दै आगामी दिनहरूमा निगमको प्रतिष्ठा थप उच्च गराउनमा स्टेशनका कर्मचारीहरूलाई अभिप्रेरित गर्दै थप प्रतिस्पर्धी रूपमा अगाडी बढ्नु पर्ने सुझाव दिनुभयो र अन्तर्राष्ट्रिय स्टेशनहरूको शुरू आठ महिना (श्रावण-फागुन) को यात्रु तथा आयको उपलब्धि सन्तोषजनक रहेकोमा खुशी ब्यक्त गर्नु भयो । निगमका कार्यकारी अध्यक्ष मदन खरेलले दोहा स्टेशनका कन्ट्री म्यानेजर दिक्पाल सुवेदीलाई उत्कृष्ट प्रस्तुतकर्ताको रूपमा पुरस्कृत गर्नुभयो। कर्मचारीको नियमित कार्यको मूल्यांकन भइरहने र सोही आधारमा अन्तिम मूल्यांकन हुने भएकोले निगमको काम प्रति पूर्ण समर्पित भै कार्य गर्न निर्देशन दिनुभयो । दोहा स्टेशन नै उत्कृष्ट स्टेशन घोषित भएको थियो ।

निगमका विज्ञ राजु बहादुर के.सी.ले स्टेशनहरूको कार्य सम्पादन सुधारोन्मुख हुदै गइरहेको र स्टेशन प्रमुखहरूको प्रस्तुतिकरण राम्रो भएकोमा खुशी व्यक्त गर्नु भयो ।

नायव महाप्रवन्धक गणेश बहादुर चन्दले आन्तरिक तथा अन्तर्राष्ट्रिय उडानहरूलाई सुधार गर्न व्यवस्थापनले हर सम्भव प्रयास गरिरहेको र हालका दिनहरूमा स्टेशनहरूको कार्य सम्पादन उपलब्धीमा सुधार हुदै गईरहेकोमा धन्यवाद ज्ञापन गर्नु भयो ।




निगमका कार्यकारी अध्यक्ष मदन खरेलले कर्मचारीहरूलाई सकारात्मक सोचको विकास गरी निगमलाई कडा प्रतिष्पर्धीको रूपमा उभ्याउनुपर्ने सोको लागि कार्य संस्कार र शैली परिवर्तन आजको आवश्यकता भएको बताउनु भयो । समग्रमा यी र यस्ता बैठकहरूले स्टेशनको साथ साथै निगमको वर्तमान अवस्थालाई चित्रित गर्ने भएकोले भविष्यको कार्य योजना बनाउदा अत्यन्तै सम्वेदनशिल भई तथ्यमा आधारित बजेट तथा यात्रुको प्रक्षेपण गर्दा लक्ष्य प्राप्त गर्न सहज हुने हुदा समीक्षा वैठकको धेरै महत्व हुने बताउनु भयो । हाल निगम व्यवस्थापनको सम्पूर्ण ध्यान नयाँ जहाजहरूको उचित व्यवस्थापनमा केन्द्रित रहेको जापानको ओसाकामा पुनःनियमित उडान सुरू गर्न लागेको जानकारी गराउनु भयो । उहाँले जहाजहरू लाई लामो समय भूमिस्थ हुन नदिन र हर हालतमा उडानयोग्य बनाइ राख्न इन्जिनियरिङ् विभागलाई आवश्यक निर्देशन दिनु भयो । समग्र राष्ट्रको कूल ग्राहस्थ उत्पादनमा निगमको योगदान महत्वपूर्ण हुने भएकोले बर्तमान सरकारले पनि निगमको विकासमा उच्च प्राथमिकता दिएको बताउनु भयो ।

# आन्तरिक समीक्षा बैठक २०७५/७६

नेपाल वायुसेवा निगमको आन्तरिक स्टेशनहरूको समीक्षा बैठक मिति २०७५/१२/२५ गते नेपाल वायुसेवा निगमको केन्द्रीय कार्यालयको सभा हलमा सम्पन्न भयो । समीक्षा बैठकको समुद्घाटन नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष मदन खरेलले गर्नु भएको थियो भने उक्त बैठकमा सहभागीहरूलाई वाणिज्य विभागकी उप–निर्देशक रीना राईले स्वागत गर्नु भएको थियो ।




आन्तरिक स्टेशनहरूको समीक्षा वैठकमा पूर्वान्चल क्षेत्रीय कार्यलय अन्तर्गतका स्टेशनहरूको तर्फबाट क्षेत्रीय प्रबन्धक नारायण पुरी, पश्चिमाञ्चल क्षेत्रीय कार्यालय अर्न्तगतका स्टेशनहरूको तर्फबाट क्षेत्रीय प्रबन्धक प्रशान्त विक लगायत अन्य स्टेशनहरू- धनगढी स्टेशनबाट जनक सिंह विष्ट, पोखरा स्टेशनबाट बन्धुराज न्यौपाने, भद्रपुर स्टेशनबाट नेमकान्त लम्साल र भैरहवा स्टेशनबाट दुर्गा भवानी आचार्य समेतको सहभागिता रहेको थियो र बैठकमा तपसिलका बुँदाहरुमा छलफल तथा अन्तरक्रिया भएको थियो :

चालु आ.व. २०७५|२०७६ को शुरू आठ महिना (साउन-फागुन) को यात्रु तथा आयको उपलब्धी समीक्षा ।

चालु आ.व. २०७५|२०७६ को शुरू आठ महिना (साउन-फागुन) को खर्च विश्लेषण ।

चालु आ.व २०७५|२०७६ को अन्तिम चौमासिक (चैत्र-आषाढ मसान्तसम्म) को अनुमानित यात्रु संख्या र आय तथा व्ययको प्रक्षेपण ।

अगामी आर्थिक वर्ष २०७६|०७७ को अनुमानित यात्रु संख्या र आय तथा व्ययको प्रक्षेपण ।

उक्त समीक्षा वैठकमा ब्यबस्थापनले स्टेशनका समस्याहरू बुझ्ने, स्टेशनहरूले बजेट र खर्चको व्यवस्थापन उचित ढंगले गर्ने, विक्री रकम नियमानुसार दाखिल गर्ने, उडानको व्यवस्थापनमा योगदान दिने र जिम्मेवार र अनुशासित भएर काम गर्ने विषयमा छलफल भएको थियो ।

प्रायः सबै स्टेशनका प्रतिनिधिहरूले उडानहरू थप्नु पर्ने र नियमित बनाउनु पर्ने, संघिय संरचना अनुसार विभिन्न प्रादेशिक राजधानी र शहरहरूलाई सीधा हवाई सम्पर्कले जोड्नका लागि आवश्यक अध्ययन हुनु पर्ने र नेपाल वायुसेवा निगमका विभिन्न जिल्लाहरूमा रहेका अचल सम्पत्तीको उचित संरक्षण र व्यवस्थापन हुनु पर्ने माग राखेका थिए । यस क्रममा पूर्वान्चल क्षेत्रीय प्रबन्धकले बिराटनगर–पोखरा, बिराटनगर–नेपालगंज सीधा उडान र पश्चिमाञ्चल क्षेत्रीय प्रबन्धकले धनगढी–साफेबगर, नेपालगंज–पोखरा सिधा उडानको प्रस्ताव राखेका थिए ।

उक्त प्रस्ताव उपर छलफलको क्रममा व्यवस्थापनका तर्फबाट आगामी दिनमा दुइवटै एम ए ६० जहाजहरू सन्चालनमा ल्याउने, भविष्यमा संघिय संरचना अनुसार नेपाल वायुसेवा निगमको सेवा विस्तार गरिने प्रतिवद्धता व्यक्त गरिएको थियो साथै विभिन्न जिल्लाहरूमा रहेका अचल सम्पत्तीको सम्वन्धमा स्टेशनहरूले रिपोर्ट तयार पारी साधारण सेवा तथा सम्पत्ति व्यवस्थापन विभागमा पेश गर्न आग्रह गरिएको थियो ।

साधारण सेवा तथा सम्पत्ति व्यवस्थापन विभागबाट पूँजीगत सामानहरू किन्नु पर्दा र निर्माणका कामहरू गर्नु पर्दा समयमै बजेट मागेर कार्यान्वयन प्रकृया नियमानुसार पठाउन निर्देशन दिएको थियो ।

उक्त बैठकमा वाणिज्य विभागका निर्देशक टंकनिधि दाहालले विभिन्न स्टेशनका कर्मचारीहरूको योगदानको प्रशंसा गर्दै आगामी दिनहरूमा निगमको साख थप उच्च गराउनमा तत् तत् स्टेशनका कर्मचारीहरूलाई अभिप्रेरित गर्दै थप प्रतिस्पर्धी रूपमा अगाडि बढ्नु पर्ने बताउनु भयो र सो अवसरमा उहाँले उत्कृष्ट स्टेशनको रूपमा दाङ स्टेशन र उत्कृष्ट प्रस्तुतकर्ताको रूपमा भद्रपुर स्टेशनका स्टेशन म्यानेजर नेमकान्त लम्साललाई पुरस्कृत गर्नु भयो । उपस्थित सम्पूर्ण कर्मचारीहरूलाई समिक्षा बैठकलाई सफल बनाएकोमा धन्यवाद ज्ञापन गर्दै कर्मचारीको नियमित कार्यको मूल्यांकन भइरहने र सोही आधारमा अन्तिम मूल्यांकन हुने भएकोले निगमको काम प्रति पूर्णरूपमा समर्पित भै कार्य गर्न निर्देशन दिनुभयो ।

नायब महाप्रबन्धक गणेश बहादुर चन्दले स्टेशनका कर्मचारीहरूलाई अनुशासित भै कर्मचारीको आचरण र मर्यादा पालन गरी कार्य गर्न निर्देशन दिनुभयो ।

निगमका कार्यकारी अध्यक्ष मदन खरेलले कर्मचारीहरूलाई सकारात्मक सोचको विकास गरी निगमलाई कडा प्रतिस्पर्धीको रूपमा उभ्याउनुपर्ने कुरामा जोड दिनु भयो । कार्य संस्कार र शैली परिबर्तन आजको आबश्यकता भएको र हालका दिनहरूमा बढी माग भई आएको आन्तरिक उडानहरू आम जनताको आवाज भएको वहाँले बताउनु भयो र समिक्षा बैठक सफल बनाएकोमा उपस्थित सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

## एयरबस कम्पनीका...

Operation and Training experienced pilot (Navblue)- Capt Marco Pellegrini, Flight Operations Engeering and Quality Assurance expert (Navblue)-Peimann Tofighi Niaki, SMS and Airlines safety Programs Expert (Navblue)-Celine Ba illard,Maintenance,Engineering and Quality Assurance Expert (Bureau Veritas)-Bureau Veritas सम्मिलित हुनुहुन्थ्यो ।

नेपालमा रहँदा वहाँहरूले आ-आफ्नो विषयमा गहन अध्ययन गर्नुका साथै आपसी अनुभवको आदानप्रदान गर्नु भएको थियो । नेपालका तर्फबाट छलफल कार्यक्रममा कार्यकारी अध्यक्ष मदन खरेल,वाणिज्य विभागका निर्देशक टंक निधि दाहाल, क्याप्टेन दिपराज जोहार्चन लगायतका पदाधिकारी रहनुभएको थियो ।

# विभागीय समाचार
## (मानव संशाधन विभाग)

**चैत्र**

### नियुक्ति

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | खलका राई | ७ | क्याबिन क्रु ईन्सट्रक्टर |
| २ | रेनु राई | ७ | क्याबिन क्रु ईन्सट्रक्टर |

### अवकाश

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | मुक्ति प्रसाद अधिकारी | ७ | बरिष्ठ लेखा अधिकृत |
| २ | दिपक कुमार न्यौपाने | ७ | बरिष्ठ अधिकृत |
| ३ | बिजय बहादुर बस्नेत | ६ | अधिकृत |
| ४ | रमेश जंग थापा | ६ | अधिकृत |
| ५ | काजी मान तामाङ | ५ | हेड हेल्पर सुपरभाइजर |

**बैशाख**

### अवकाश

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | शुक्र शम्शेर ज.ब.राणा | ९ | बरिष्ठ क्याप्टेन |
| २ | प्रल्हाद बाँनिया | ६ | अधिकृत |
| ३ | बहादुर सिंह बोगटी | ४ | सहायक |
| ४ | तुल्सी खत्री | ४ | बरिष्ठ हेड लोडर |
| ५ | दिवाकर चालिसे | ४ | सहायक |
| ६ | सुकराम चौधरी | ३ | हेड लोडर |




हिमालयन ट्राभल मार्ट २०१९ मा निगमको तर्फबाट सहभागिता

### सरूवा/ पद स्थापना

| क्र.सं | कर्मचारीको नाम | तह | पद | विभाग बाट /सरूवा भएको विभाग |
|---|---|---|---|---|
| १ | अमर दिप राई | ६ | अधिकृत | रूकुम स्टेशन /पश्चिम(ाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज |
| २ | लेखराज जोशी | ६ | लेखा अधिकृत | अर्थ बिभाग / धनगढी स्टेशन |
| ३ | बन्धुराज न्यौपाने | ६ | अधिकृत | बाणिज्य बिभाग / पोखरा स्टेशन |
| ४ | धनराज जोशी | ५ | बरिष्ठ लेखा सहायक | धनगढी स्टेशन / अर्थ बिभाग |
| ५ | चन्द्र थापा मगर | ४ | सहायक | इञ्जिनियरिङ मेन्टिनेन्स/यात्रु सेवा बिभाग |

| क्र.सं | कर्मचारीको नाम | तह | पद | विभाग बाट /सरूवा भएको विभाग |
|---|---|---|---|---|
| १ | यशोधा सिम्खडा (सापकोटा) | ७ | बरिष्ठ अधिकृत | मानब संशाधन बिभाग /सा.से.तथा सं.ब्यवस्थ(ापन विभाग |
| २ | संजय कुमार देव | ६ | अधिकृत | इञ्जिनियरिङ मेन्टिनेन्स/क्वालिटि एसुरेन्श |

## आन्तरिक समीक्षा बैठक...

शहरहरूलाइ सिधा हवाइ सम्पर्कले जोड्नका लागी आवश्यक अध्ययन हुनु पर्ने र नेपाल वायुसेवा निगमका विभिन्न जिल्लाहरूमा रहेका अचल सम्पत्तिको उचित संरक्षण र व्यवस्थापन हुनु पर्ने माग राखेका थिए । यस क्रममा पूर्वान्चल क्षेत्रीय प्रबन्धकले बिराटनगर–पोखरा, बिराटनगर–नेपालगंज सिधा उडान र पश्चिमाञ्चल क्षेत्रीय प्रबन्धकले धनगढी–साफेबगर, नेपालगंज–पोखरा सिधा उडानको प्रस्ताव राखेका थिए ।

व्यवस्थापनका तर्फबाट आगामी दिनमा दुइवटै एम ए ६० जहाजहरू सन्चालनमा ल्याउने, भविष्यमा संघीय संरचना अनुसार नेपाल वायुसेवा निगमको सेवा विस्तार गरिने प्रतिबद्धता ब्यक्त गरिएको थियो साथै विभिन्न जिल्लाहरूमा रहेका अचल सम्पत्तिको सम्वन्धमा स्टेशनहरूले रिपोर्ट तयार पारी साधारण सेवा तथा सम्पत्ति व्यवस्थापन विभागमा पेश गर्न आग्रह गरिएको थियो ।

## Ground Support Department
### LOST AND FOUND RECORD SUMMARY

| S.N | Year Months | | Found Materials/Goods (in Frequency) | | | | | | | | Staff | Handed over to concerned Airlines | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Mobiles | Different types of movie and still camera | Money and wallets | i-phone, i-pod, i-pad, tablets, etc. | Passport | Note | Other electronic appliances / items, games, pendrives, etc. | Total pcs | | Crew | Paxs | |
| 1 | 2019 | March | 0 | 1 | 3 | 2 | 1 | 0 | 0 | 7 | 7 | 0 | 0 | |
| 2 | 2019 | April | 10 | 0 | 3 | 7 | 0 | 0 | 4 | 24 | 24 | 0 | 0 | |
| Total | | | 10 | 1 | 6 | 9 | 1 | 0 | 4 | 31 | 31 | 0 | 0 | |

नोटः उपरोक्त विवरण ग्राउण्ड सपोर्ट विभाग टी.ए.सी.सी शाखा अन्तर्गत विमान स्थलमा विमानको क्याबिन सफाई गर्ने क्रममा यात्रुहरूबाट छोडिएका सामानहरू यस विभागमा कार्यरत कर्मचारीहरूले पाई सम्बन्धीत ठाँउमा बुझाएका सामानहरूको हो ।

# जापान उडान

नेपाल वायुसेवा निगमले ६१औं वर्ष प्रवेशका साथै जापानको ओसाका नियमित उडान पुनः प्रारम्भ गर्ने भएको छ ।

भदौ १२ गते -अगष्ट २९ तारिख) देखि नेपाल वायुसेवा निगमले ओसाकाको नियमित उडान प्रारम्भ गर्ने भएको छ । अहिले निर्धारित उडान तालिका अनुसार हप्ताको तीन (३) वटा उडान मंगलबार, बिहीबार र शनिवार हुनेछ । काठमाडौंबाट बिहान २ बजेर ३० मिनेटमा ओसाकाका लागि उडेको विमान स्थानीय समय अनुसार दिनको ११ बजेर ५५ मिनेटमा ओसाका पुग्नेछ र ओसाकाबाट स्थानीय समय अनुसार १ बजेर ५५ मिनेटमा उडान गरी सोही दिन अपरान्ह ६:०० बजे काठमाडौं आइपुग्ने छ ।

ओसाकाको सबै उडानहरू वाइड्वडी एउ३३०-२०० बाट हुनेछ । यस अघि सन् २००७ सम्म निगमले चीनको सांघाई हुंदै ओसाकासम्म उडान गर्दै आएको थियो र तत्कालिन समयमा विमानको कमीका कारण जापान उडान स्थगित गरिएको थियो । सन् २००० मा जापानबाट काठमाडौंका लागि सवभन्दा बढी ४१,०७० जनाले नेपाल यात्रा गरेका थिए । जसमध्ये नेपाल वायुसेवा निगमको विमानबाट करिव २२ हजार यात्रु आएका थिए । ध्वजावाहकको सेवा नभएपछि यात्रुसंख्या घट्दै गएर सन् २०१५ मा १७,६१३ यात्रुमा सीमित भएको थियो । निगमले ओसाका र नारितामा हप्ताको चार उडान थालेपछि वार्षिक सिट क्षमता ५७ हजार हुने र यसबाट यात्रु संख्या बढ्न गई नेपालको अर्थतन्त्रमा सकारात्मक परिणाम ल्याउने आशा गरिएको छ ।

निगमको गृष्मकालीन तालिका अनुसार काठमाडौं-ओसाका र ओसाका -काठमाडौं उडान एक तर्फी करिव ६ घण्टा ३० मिनेटको हुनेछ । दोश्रो चरणमा जापानको व्यस्त विमानस्थल नारितामा समेत नियमित उडान गर्ने योजना बनाई तदनुरूप प्रक्रिया अगाडि बढाइएको छ । टोकियोको नारितामा उडान शुरू गरेपछि दुवै गन्तव्यका लागि हप्तामा दुई-दुई वटा उडान गर्ने योजना रहेको छ ।

विगतमा काठमाडौं ओसाकाबीच सन् १९९४ मा शुरू भएको उडान २००७ सम्म नियमित रूपमा भएको थियो । बोइङ्ग ७५७ जहाजबाट गरिएको उक्त उडान चीनको सांघाई भएर गरिन्थ्यो । तर अवको उडान काठमाडौंबाट ओसाकासम्म र ओसाकादेखि काठमाडौंसम्म वाइड्वडी विमानबाट सिधा उडान गरिने छ ।



निगमको तर्फबाट विद्युतीय सार्वजनिक खरिद सम्बन्धी तालिममा सहभागी

## OPERATIONS DEPARTMENT

## Flight Performance Report

for the month of Magh and Falgun 2075

| FLEET/MONTH | | B757 9N-ACB | | A330 9N- ALY | | A330 9N- ALZ | | A320 9N-AKW | | A320 9N-AKX | | OVERALL | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| PARTICULARS | | MAGH | FALGUN | MAGH | FALGUN | MAGH | FALGUN | MAGH | FALGUN | MAGH | FALGUN | MAGH | FALGUN |
| FROM KTM STATION | | | | | | | | | | | | | |
| PROPOSED | | | 38 | 35 | 35 | 26 | 37 | 55 | 54 | 57 | 164 | 173 | 183 |
| OPERATION | SAME DAY | | 32 | 37 | 41 | 24 | 39 | 57 | 52 | 54 | 164 | 172 | 183 |
| | NEXT DAY | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| AIRCRAFT CHANGED | TO OTHER | | 12 | 3 | 6 | 5 | 9 | 9 | 11 | 11 | 38 | 28 | 34 |
| | FROM | | 6 | 5 | 12 | 3 | 11 | 11 | 9 | 9 | 38 | 28 | 34 |
| ON TIME | | | 12 | 18 | 19 | 10 | 24 | 25 | 31 | 25 | 86 | 78 | 85 |
| DELAYED | | | 20 | 19 | 22 | 14 | 15 | 32 | 21 | 29 | 78 | 94 | 98 |
| POSTPOND/ CANCELLED | | | | | 0 | 0 | 0 | 0 | | 1 | 0 | 1 | 0 |
| REASON FOR DELAY AT KTM | | | | | | | | | | | | | |
| MARKETING/CUSTOMER SERVICE | | | 0 | 4 | 0 | 4 | 3 | 1 | 4 | 2 | 2 | 11 | 9 |
| ENGINEERING | | | 0 | 0 | 2 | 1 | 2 | 5 | 4 | 1 | 5 | 7 | 13 |
| OPERATIONS | | | 0 | 0 | 1 | 1 | 0 | 0 | 1 | 1 | 0 | 2 | 2 |
| FINANCE | | | 0 | | | | | 0 | 0 | 0 | 0 | 0 | 0 |
| TRANSPORT | | | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 |
| WEATHER/NOTAM | | | 0 | 3 | 0 | 0 | 2 | 1 | 0 | 1 | 1 | 5 | 3 |
| IMMIGRATION | | | 0 | 0 | 2 | 0 | 0 | 1 | 2 | 0 | 2 | 1 | 6 |
| SUBSEQUENT | | | 0 | 1 | 3 | 4 | 2 | 3 | 3 | 8 | 4 | 16 | 12 |
| Ground Support | | | 0 | | | | | 0 | 0 | 0 | 0 | 0 | 0 |
| KTM ATC | | | 0 | 7 | 11 | 8 | 4 | 4 | 12 | 8 | 15 | 27 | 42 |
| NOC | | | 0 | 2 | 0 | 0 | 0 | 0 | 2 | 0 | 0 | 2 | 2 |
| OTHER | | | 0 | 3 | 0 | 4 | 1 | 0 | 3 | 0 | 0 | 7 | 4 |
| FLIGHT PERFORMANCE (%) | | | | | | | | | | | | | |
| RELIABILITY | | | 0.00 | 100.00 | 100.00 | 100.00 | 100.00 | 100.00 | 100.00 | 100.00 | 98.25 | 100.00 | 99.56 |
| PUNCTUALITY | | | 0.00 | 37.50 | 48.65 | 46.34 | 41.67 | 61.54 | 43.86 | 59.62 | 46.30 | 52.44 | 45.35 |

COMMERCIAL DEPARTMENT

# TRAFFIC AND REVENUE PERFORMANCE OF DOMESTIC & INTERNATIONAL STATIONS

AS OF CHAITRA 2075 & BAISAKH 2076

| Region | Chaitra 2075 | | | | Baisakh 2076 | | | | Total in Two Months | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total | Grand Total Passenger Flown | Grand Total Revenue in NPR |
| Central Region (DHC-6) | 1,309 | 7,480,405 | 107,064 | 7,587,469 | 1,207 | 7,043,312 | 55,028 | 7,098,340 | 2,516 | 14,685,809 |
| Eastern Region (DHC-6) | 338 | 1,789,226 | 6,173 | 1,795,399 | 277 | 1,998,255 | 4,422 | 2,002,677 | 615 | 3,798,076 |
| Western Region (DHC-6) | 979 | 4,987,466 | 138,648 | 5,126,114 | 1,172 | 6,798,595 | 395,326 | 7,193,921 | 2,151 | 12,320,035 |
| MA 60 | 4,698 | 13,174,758 | 227,389 | 13,402,147 | 5,273 | 16,020,363 | 287,205 | 16,307,568 | 9,971 | 29,709,715 |
| Y 12 E | - | - | - | - | 0 | 0 | 0 | - | - | - |
| Domestic Total | 7,324 | 27,431,855 | 479,274 | 27,911,129 | 7,929 | 31,860,525 | 741,981 | 32,602,506 | 15,253 | 60,513,635 |
| KTM-DXB | 4469 | 110,075,760 | 5,101,036 | 115,176,796 | 3,058 | 81550244 | 1,014,753 | 82,564,997 | 7,527 | 197,741,793 |
| DXB-KTM | 4029 | 101,783,608 | 948,456 | 102,732,064 | 3,378 | 77563412 | 2,804,658 | 80,368,070 | 7,407 | 183,100,134 |
| KTM-DEL | 8525 | 70,316,000 | 504,563 | 70,820,563 | 11,101 | 141586164 | 635,821 | 142,221,985 | 19,626 | 213,042,548 |
| DEL-KTM | 8995 | 88,304,008 | 7,263,742 | 95,567,750 | 10,961 | 133219692 | 6,413,204 | 139,632,896 | 19,956 | 235,200,646 |
| KTM-BOM | 1803 | 22,178,804 | 60,000 | 22,238,804 | 1,993 | 32347264 | 128,478 | 32,475,742 | 3,796 | 54,714,546 |
| BOM-KTM | 1853 | 25,787,512 | 658,482 | 26,445,994 | 2,083 | 36544972 | 598,946 | 37,143,918 | 3,936 | 63,589,912 |
| KTM-BLR | 1751 | 21,619,004 | 60,600 | 21,679,604 | 1,959 | 28897972 | 81,918 | 28,979,890 | 3,710 | 50,659,494 |
| BLR-KTM | 1908 | 19,632,080 | 306,836 | 19,938,916 | 1,957 | 24917488 | 163,016 | 25,080,504 | 3,865 | 45,019,420 |
| KTM-KUL | 974 | 15,659,292 | 169,911 | 15,829,203 | 1,760 | 31963870 | 624,708 | 32,588,578 | 2,734 | 48,417,781 |
| KUL-KTM | 1886 | 32,420,575 | 414,228 | 32,834,803 | 1,592 | 27207158 | 288,979 | 27,496,137 | 3,478 | 60,330,940 |
| KTM-DOH | 7653 | 163,724,376 | 2,829,246 | 166,553,622 | 8,114 | 177001048 | 1,547,318 | 178,548,366 | 15,767 | 345,101,988 |
| DOH-KTM | 7836 | 163,235,796 | 1,213,168 | 164,448,964 | 7,679 | 124621356 | 1,268,358 | 125,889,714 | 15,515 | 290,338,678 |
| KTM-BKK | 2263 | 17,406,884 | 158,922 | 17,565,806 | 2,244 | 26895524 | 55,717 | 26,951,241 | 4,507 | 44,517,047 |
| BKK-KTM | 2124 | 25,227,968 | 2,464,762 | 27,692,730 | 1,676 | 36709184 | 1,801,913 | 38,511,097 | 3,800 | 66,203,827 |
| KTM-HKG | 1647 | 47,065,356 | 1,535,668 | 48,601,024 | 1,903 | 57192422 | 1,481,352 | 58,673,774 | 3,550 | 107,274,798 |
| HKG-KTM | 1655 | 47,969,322 | 2,960,720 | 50,930,042 | 1,673 | 48797276 | 1,972,600 | 50,769,876 | 3,328 | 101,699,918 |
| Intl. Total | 59371 | 972,406,345 | 26,650,340 | 999,056,685 | 63,131 | 1,087,015,046 | 20,881,739 | 1,107,896,785 | 122,502 | 2,106,953,470 |
| Grand Total | 66,695 | 999,838,200 | 27,129,614 | 1,026,967,814 | 71,060 | 1,118,875,571 | 21,623,720 | 1,140,499,291 | 137,755 | 2,167,467,105 |

## Continuing Airworthiness Management Department

**OPERATION STATISTICS OF AIRCRAFT**

**March-April 2019**

| Particulars | Fleet | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | DHC-6\300 | | Y12 E | | | | MA-60 | | B757-200 | | A320 | | A330 | |
| Aircraft Registration No. | 9N-ABU | 9N-ABT | 9N-AKS | 9N-AKT | 9N-AKU | 9N-AKV | 9N-AKQ | 9N-AKR | 9N-ACA | 9N-ACB | 9N-AKW | 9N-AKX | 9N-ALY | 9N-ALZ |
| No of Flight | 252 | 238 | AOG | AOG | 2 | 14 | AOG | 240 | AOG | AOG | 194 | 184 | 141 | 147 |
| Total Flight Hours ( HRs:MM) | 234:52 | 203:01 | | | 2:13 | 16:43 | | 215:36 | | | 692:41 | 436:44 | 507:18 | 539:29 |